मिति:२०७०/०७/२५

श्रीमान संस्थापक/प्राचार्यज्यू

**विषयः बाल प्रतिभा प्रदर्शन – २०७१ (Child Talent Show-2071) मा सहभागिता सम्वन्धमा**

महोदय,
“महोत्सव लेखनाथको सस्कृति - स्थानीय उत्पादन, विकास र संमृद्धि” भन्ने मूल नाराका साथ लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजना तथा विभिन्न संघ संस्थाहरुको सहयोग र सहभागितामा २०७१ मंसीर १८ गते देखी २९ गते सम्म एघारौं लेखनाथ महोत्सव २०७१ संचालन हून लागेको व्यहोरा यहां समक्ष जानकारी गराउन पाउंदा हामीलाई ज्यादै खुसी लागेको छ ।

विगतका वर्षहरुका महोत्सवमा गर्नू भएको सहयोगका लागि सादर धन्यवाद ज्ञापन गर्दै एघारौं पटक आयोजना हुन लागेको लेखनाथ महोत्सव २०७१ लाई भव्य रुपमा सम्पन्न गर्न त्यस विद्यालयवाट **बाल प्रतिभा प्रदर्शन – २०७१ (Child Talent Show-2071) मा** सहभागी गराई सहयोग गरि दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

यहांहरुवाट प्राप्त सहयोग एवं सद्भाव प्रति हामी आभारी छौं ।

नोटः **बाल प्रतिभा प्रदर्शन** (Child Talent Show) **का** नियमहरु यसै पत्रको पछाडि रहेको छ ।
साथै प्रतियोगीको लागि आवस्यक पर्ने फर्म १ थान (आवश्यकता अनूसार फोटोकफि गर्नुहोला)

विस्तृत जानकारीका लागि: ९८५६०२५६७०, ९८५६०२३०३५, ०६१५६०३८६

ऋषीराम जमरकट्टेल
संयोजक
**बाल प्रतिभा प्रदर्शन – २०७१**

**बाल प्रतिभा प्रदर्शन (Child Talent Show)**का नियमहरु ।

१। सहभागीताका लागि यहि २०७१ साल मंसीर १५ गते भित्रमा सम्वन्धित संस्थाको सिफारिस र पठाइएको आवेदन फर्म भरेर २ प्रती फोटो सहित उपस्थित हूनूपर्ने छ ।
२। प्रस्तूती नृत्य, गायन र अभिनय विदामा मात्र हूनूपर्ने छ ।
३। तिन विधाका वढिमा ३/३ गरी एउटा विद्यालयबाट बढिमा ९ जना सहभागी गराउन सकिनेछ ।
४। सहभागीता जनाउन आउने सहभागीले अनिवार्य रुपमा २०५६ साल मंसीर १४ गते भन्दा पछि जन्म भएको प्रमाण सहित सम्वन्धित संस्थाको सिफारिसमा आउनूपर्ने छ । अर्थात १५ वर्ष उमेर ननाघेको हूनू पर्नेछ ।
५। प्रथम, द्धितिय, तृतिय र सान्त्वना प्राप्त गर्न सफल तिनै विधाका प्रतियोगीहरुलाई क्रमश: ७/७ हजार, ५/५ हजार, ३/३ हजार र १/१ हजार पूरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।
६। टिम दर्ता विहान ११ वजे देखि दिउसो ४ वजे सम्म ले.उ.वा. संघको सचिवालय वा महोत्सवको सचिवालयमा गराउनुपर्नेछ । टिम दर्ताको अन्तिम मिति २०७१ मंसीर १५ गते ४ वजे सम्म हुनेछ ।
७। सहभागी एउटा मात्र (Single) हूनू पर्ने छ गायन र अभिनयको हकमा रेकडेट स्वरलाई मान्यता दिइने छैन (स्वयम आफ्नै स्वर हूनूपर्ने) र दर्ता शूल्क रु ३०० लाग्नेछ ।
८। निर्णायक मण्डलमा तिनवटै विधाका ३ जना सदस्य रहनेछन् । प्रत्येक निर्णायक मण्डलको सदस्यले १०० पूर्णाङकमा प्रतियोगीको मुल्याङ्कन गर्नेछन् र पूर्णाङक ३०० को रहनेछ ।
९। आफ्ना विधाका लागि आवस्यक पर्ने सर सामानहरु आफैंले व्यववस्था गर्नूपर्ने छ र प्रतियोगीले ल्याएको क्यासेट तथा सी.डी. गडवढी भएमा आफै जिम्मेवार हुनुपर्नेछ ।
१०। प्रतियोगितामा सहभागी कलाकार विद्यार्थीलाई उक्त दिनको खाजाको व्यवस्था आयोजकवाट गरिने छ ।
११। यदि विद्यार्थी वाहेक अन्य व्यावसायिक कलाकार सहभागी गराइएको थाहा भएमा उक्त प्रतियोगीलाई प्रतियोगितावाट हटाइने छ ।
१२। सहभागीको Pre-selection (पुर्व छनोट) मंसीर १६ गते मंगलवार दिउसो १०:०० वजे ले.उ.बा.संघको सचिवालयमा हूनेछ । उक्त समयमा सहभागी अनिवार्य उपस्थित हुनुपर्नेछ ।
१३। सहभागी पहिलो पटक छनोटमा परेपछि आफ्नो प्रस्तूती स्टेजमा देखाऊंदा फाइनलको हकमा प्रस्तूती दोहोर्‍याउन पाइने छैन ।
१४। सहभागिको फोटो, नाम, ठेगाना, विद्यालयको सर्म्पक फोन, सहभागीसंग आउनेवालाको फोन नं र सहभागिको कक्षा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
१५। प्रतियोगीतामा निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ । निर्णय उपर टिकाटिप्पणी गर्न पाइने छैन ।